अन्तर्वार्ता

म राष्ट्रिय राजनीतिमा सक्रिय छु

म एमालेबाट आएर यो ठाउँमा पुगेको हुनाले जाँदाखेरि त्यहीँ नै हुन्छ। त्यो चाहिँ छलफलको चरणमा प्रवेश गरेको छैन।

विद्यादेवी भण्डारी, पूर्वराष्ट्रपति

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी सक्रिय राजनीतिमा आउने चर्चा भएको लामो समय भइसक्यो। एमालेभित्रको गुटगत राजनीतिमा उनको भूमिका सुसुप्त तर सक्रिय छ भन्ने चर्चा भइरहेको छ। कोशी प्रदेशको मोरङ र सुनसरीमा आयोजित केही औपचारिक कार्यक्रम र केही अनौपचारिक भेटघाटका कार्यक्रम लिएर भण्डारी अहिले विराटनगरमा आइपुगेकी छिन्। उनी माघ २० गतेसम्म नै मोरङ, सुनसरीमै रहने कार्यक्रम छ। विराटनगरस्थित होटल बिगमा आयोजित पत्रकारसम्मेलन अगाडि उनले राजनीतिक भेटघाट गरिन्। एमालेका केन्द्रीय नेताहरुका साथै केही प्रदेश सांसदहरु, महिला संगठनका नेतृहरु पनि त्यहाँ सहभागी थिए। त्यसपछि सम्भवतः राष्ट्रपति पदबाट बाहिरिएपछि पहिलो पटक भण्डारीले पत्रकार सम्मेलनकै शैलीमा संचारकर्मीहरुसँग कुराकानी गरिन्। कुराकानीका क्रममा उनले राष्ट्रिय राजनीतिमा आफू सक्रिय भएको बुझिदिन आग्रह गरिन् भने दलीय राजनीति गर्दा एमालेबाटै हुने प्रष्ट संकेत गरिन्। प्रस्तुत छ भण्डारीसँग पत्रकार सम्मेलनमा भएको सवाल जवाफको सम्पादित अंश :

● तपाईं पूर्व आउनु भएको छ। कार्यक्रमहरू के के छन् ? त्यसको उद्देश्य के हो ?

म जनता माविं इटहरीमा ६८ औं वार्षिकउत्सव कार्यक्रममा सहभागी हुन विराटनगर आएको हुँ। आउँदाखेरी विराटनगरमा मेरो पुरानो गृह जिल्ला पनि हो। राजनीतिक काम गरेको स्थान पनि हो। त्यसो भएको हुँदा साथीहरूसँग पनि भेटघाट हुन्छ। खास गरी तीन वटा औपचारिक कार्यक्रम छन्। धरान इन्जिनियरिङ कलेजको एउटा कार्यक्रम पनि छ। त्यहि कार्यक्रमको शिलशिलामा म आएको हुँ। खास गरी शिक्षासँग सम्बन्धीत नै बढी कार्यक्रमहरु छन्। म शिक्षा प्रणाली सुधार हुनुपर्छ भन्ने सोच राख्ने व्यक्तिमध्ये एउटा हुँ। शिक्षा प्रणालीमा आएका कतिपय कमि कमजोरीहरु हामी हेरिरहेका छौं। मिडियामार्फत पनि प्रत्यक्ष जानकारी छ। म भोजपुरमा जन्मेर हुर्किएको र भोजपुर क्याम्पसबाटै इन्टरमिडियट गरेको र महेन्द्र मोरङमा ब्याचलर गरेको हुँ। खास गरेर पूर्वको शिक्षाको अवस्था बुझ्नका लागि पनि आएको हुँ। म पहिले एमालेमा काम गर्दा पनि यताको जिम्मा पनि दिइएको थियो। त्यसबेलामा पनि मैले शिक्षा प्रणालीको सुधार र शिक्षा प्रणालीलाई सुधार गरेर मात्रै देशको सर्वाङ्गीण विकास र हितसँग जोड्नुपर्छ भन्ने मान्यता राखेर हिंडेको हो। अहिले पनि त्यही नै हो। तपाईंहरुलाई मैले अरु धेरै भन्नु केही छैन। वस्तुनिष्ठ भएर देशको हित हेरेर आ-आफ्नो काम गरौं। हाम्रो अगाडि उज्ज्वल भविष्य बोकेको पुस्ता छ। त्यसलाई हामीले सफल बनाउने कुरा हो। म तपाईंहरूको कुरा सुन्न पनि इच्छुक छु।

● तपाईं राजनीतिमा सक्रिय हुन लाग्नु भएको चर्चा छ। अब एमालेको अध्यक्ष बन्ने तयारी गरिरहनु भएको छ। त्यही तयारीमा देश दौडाहामा हुनुहुन्छ ? तपाईं सक्रिय हुन लाग्नु भएको हो कि होइन ?

पहिलो कुरा यहाँहरु सबैले बुझ्नु पर्ने कुरा के हो भने हामी सचेत र संगठित भएर हिंडेदेखि नै राष्ट्रिय राजनीति नै गरेर यहाँसम्मको जिम्मेवारी पूरा गरेको हो। त्यसैले राष्ट्रिय राजनीतिमा, अन्तर्राष्ट्रिय परिस्थिति कसरी गइरहेको छ ? विश्व परिस्थिति कसरी गइरहेको छ ? नेपालको परिस्थिति कसरी गइरहेको छ ? नेपाललाई के गर्दा राम्रो हुन्छ ? भन्ने विषयहरुमा, एजेण्डामा चासो हुन्छ नै। मैले शिक्षा, स्वास्थ्य, जलवायु परिवर्तनको कुरा गरिरहेको छु। मैले युवा विद्यार्थी, वैज्ञानिकहरुसँग भेटिरहेको छु। त्यसलाई तपाईंहरु कसरी बुझ्नु हुन्छ ? हरेकले राष्ट्रिय राजनीतिको बारेमा बुझ्नु पर्छ। पार्टीमा संलग्न हुने नहुने, कुन पार्टीमा संलग्न हुने भन्ने बेग्लै कुरा हो। तर, राजनीति भनेको कस्तो कुरा हो भने कोही पनि त्यसबाट अछुत छैन। तपाईं जसले मलाई प्रश्न गरिरहनु भएको छ तपाईं पनि राजनीतिबाट अछुत हुनुहुन्न। कसको आस्था के छ मलाई थाहा छैन। तर, कोही पनि राष्ट्रिय राजनीतिबाट फरक छैनौं र फरक हुनुहुँदैन।

देशको स्थायित्व, शान्ति र प्रगति होस् भन्ने कुरामा सबैले चासो राख्नुपर्छ। त्यसमा मेरो गहिरो चासो हुन्छ। हिजो पनि मैले त्यही कर्तव्य पूरा गरेको हो। सामाजिक विभेदको विरुद्धमा लडियो। वर्गहरुको अन्तरलाई लिएर संघर्ष गरेको हो। श्रमिकको हितको लागि लड्नु पर्ने हुन्छ। राष्ट्रको समग्र विकासको लागि हामीले लड्नुपर्छ। विश्वमा विज्ञान र प्रविधिले फड्को मारेर कहाँ पुगिसक्यो हामी कहाँ छौं ? यी विषयमा राष्ट्रिय एजेण्डाहरुमा, महिलाहरु, बालबालिकाहरु, खानेपानीको के छ समस्या ? यस्तो विषयमा मेरो चासो हुन्छ।

जहाँसम्म दलीय विषयमा प्रष्टै भन्नुपर्छ। दलीय राजनीतिमा लागेर पद, जिम्मेवारी लिने कि नलिने भन्ने कुरामा अहिले म प्रवेश गरिसकेको छैन। त्यसैले भोलि कुन दलबाट कहाँ गर्ने भन्ने कुरा पनि आउँछ होला। म एमालेबाट आएर यो ठाउँसम्म पुगेको हुनाले जाँदाखेरि त्यही नै कुरा हुन्छ। त्यो चाहिँ छलफलको चरणमा प्रवेश गरेको छैन। हामी राष्ट्रपतीय प्रणालीमा गइसकेपछि हामीले कस्तो खालको नजिर व्यवस्था गर्ने भन्ने विषय पनि छलफलकै विषय हो। तर, तपाईंहरूले बुझ्ने कुरा के हो भने राष्ट्रपति भनेको पनि त्यो गैरराजनीतिक पद र जिम्मेवारी होइन। मैले यो सैद्धान्तिक रूपमा भनेको हो।

● राष्ट्रिय राजनीतिमा सक्रिय रूपमा आउने कि नआउने भन्ने चासो छ नि ?

म राष्ट्रिय राजनीति मै सक्रिय छु भनेर भनिसकें त।

● दलमा फर्किने कि नफर्किने त ?

- नेपालको शिक्षा सुधारको लागि म लडिरहेको छु। तपाईंहरुलाई थाहा होला नि म राष्ट्रपति हुँदा पनि नेपालको शिक्षा प्रणालीमा सुधार गर्नुपर्छ भनेको थिएँ। आज यति धेरै युवा शक्ति विदेश पलायन भइरहेको छ त्यो के कारणले हो पत्ता लगाउनु पर्दैन ? त्यसलाई तपाईं दलीय राजनीति भन्नुहुन्छ ? कि के भन्नुहुन्छ ? तपाईंको राजनीति हो कि होइन त्यो। युवाहरुलाई हामीले देशभित्र आकर्षित गर्नुपर्‍यो। हाम्रा पहाडहरु यति धेरै छन्। यति धेरै स्रोतका भण्डारहरु छन्। त्यसलाई राष्ट्रिय जीवनलाई गरिमामय बनाउनका लागि किन पहल गरिरहेका छैनौं। हाम्रा साथीहरु रोजगारीको खोजीमा नयाँ पुस्ताहरु जान खोजिरहेका छन् भन्ने कुरामा राष्ट्रिय राजनीतिको चिन्ता हुनुपर्छ। तपाईंले नजा भनेर कोही रोकिनेवाला छैन। जब तपाईंले आफैं यो ठाउँमा के गर्ने ? पानीको स्रोत प्रयोग गरेर हुन्छ कि ? कृषि वा जलस्रोतलाई के गर्दाखेरि मैले यहाँ राम्रोसँग आर्थिक उपार्जन गर्न सक्छु। राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउन सक्छु। म एक जनालाई मात्रै रोजगारी होइन १० जना वा सयौं जनालाई रोजगारी दिनसक्छु भन्ने विश्वास जबसम्म हामीले दिलाउन सक्दैनौं। त्यो खालको शिक्षा प्रणाली लागू गर्न सक्दैनौं भनेपछि त युवाहरू रहँदैनन् नि। अहिले भर्खरै महिलाहरूसँग भेट भयो। उहाँहरूको पनि कुन कुन भाषा सिक्दै गरेको कुरा छ। उनीहरु किन त्यसमा आकर्षित भइरहेका छन् भनेपछि त्ये प्रत्यक्ष रोजगारीको कुरा हो। हामीसँग यति धेरै अवसरहरू छन्। त्यो अवसरलाई चाहिँ देशको हितको लागि उपयोगमा ल्याउने त्यो चाहिँ मेरो राजनीति हुन्छ।

● तपाईंको बारेमा विभिन्न चर्चा छ। मिडियाको वृत्तमा मात्रै छैन राजनीतिक वृत्तमा पनि एमालेका अध्यक्ष बन्न पूर्व राष्ट्रपति विद्या भण्डारी आउनु हुन्छ भन्ने छ के हो ?

त्यो कुरा मैले भनेको तपाईंले पत्याउने कि। अरूले भनेको पत्याउने ?

● तपाईंले राजनीतिमा सक्रिय नै छु भन्नुभयो। त्यो राजनीति निर्दलीय हो वा दलीय हो ?

त्यो राष्ट्रिय राजनीति हो। राष्ट्रिय राजनीतिमा शिक्षा, स्वास्थ्य लगायतका थुप्रै कुरा हुन्छ।

● त्यो दलीय हो कि होइन भन्ने मेरो प्रश्न हो।

त्यो भोलिको कुरा हो भनें त। त्यो एजेण्डाहरुलाई पूरा गर्नका लागि हुनुपर्छ। हिजो कुनै दलमा आवद्ध भइयो, एउटा चरण पार गरियो। अब के गर्ने भन्ने कुरामा चाहिँ म सबै राष्ट्रिय दलहरूलाई सहयोग गर्न चाहन्छु।

● तपाईं राजनीतिमा आउँछु भन्ने चर्चा पनि। तर, तपाईंले आउँछु पनि भन्न सक्नुभएको छैन। आउँदिन पनि भन्न सक्नुभएको छैन। यो बीचमा कति दिन बसिरहनु हुन्छ ? तपाईं निकट भनिएका एमालेका नेताहरु पनि धमाधम कारबाहीमा परिहेका छन् ? एमाले अध्यक्ष पनि तपाईंसँग डराइरहनु भएको छ भन्ने छ ? त्यसकारण तपाईं को कुरा चाहिँ के हो ?

तपाईंहरु मेरो माइती गाउँका भाइहरु पनि हो। तपाईंहरु यस विषयमा भ्रममा रहनु हुँदैन। भोलि राष्ट्रको आवश्यकताले माग गऱ्यो भने के गर्ने भन्ने भोलिकै कुरा हो। अहिले नै यो दल, त्यो दल भन्ने केही होइन। राष्ट्रिय एजेण्डामा हामी केन्द्रीत होऔं। पार्टीहरु छन्। उनीहरुलाई पनि हामीले खास एजेण्डामा काम गर्नका लागि सहयोग गर्नुपर्छ भन्ने मेरो धारणा हो।

● हामी भ्रममा छैनौं। सायद धेरै नेता, कार्यकर्ता तथा अभियान्ताहरुको अपेक्षाको प्रश्न पनि गरिरहेका हौं नि ?

मैले त्यो गर्ने नै भनेको छु। तपाईंहरुले पनि खुलस्त यस्तो गर्नु भनेर भन्नुपर्छ। त्यसको लागि म तयार भइसकेको छैन भने तपाईंहरूले त्यही कुरा पटकपटक सोध्नु त्यति राम्रो होइन नि भन्ने कुरा हो। तपाईंहरूलाई जुन मिडियामा आइरहेको छ नि त्यो गलत कुरा हो। त्यस्तो केही होइन।

● पूर्व उपराष्ट्रपति नन्दकिशोर पुन माओवादी केन्द्रको बैठकमा जानु भयो। यसलाई चाहिँ कसरी लिनुहुन्छ ?

उहाँ युवा हुनुहुन्छ। अनुभव छ राजनीतिमा, संगठन गरेरै आउनु भएको मान्छे हो। म राष्ट्रपति हुँदा उपराष्ट्रपति हुनुहुन्थ्यो सहकार्य भएको थियो। मलाई त खुसी नै लागेको छ। राम्रो नै हो। मेरो सुभेच्छा छ।

न्युरोमा बोटुलिनम टक्सिन थेरापी सत्र

◆ हाम्रोमत संवाददाता

विराटनगर, १४ माघ

विराटनगर,न्यूरो अस्पतालले गत बिहीबार र शुक्रबार दुई दिने निःशुल्क न्यूरो ओपिडी क्याम्पको क्रममा बोटुलिनम टक्सिन थेरापी सत्र सफलतापूर्वक सम्पन्न गरेको छ। निःशुल्क प्रदान गरिएको उक्त थेरापी कोशी प्रदेशमै पहिलो पटक आयोजना गरिएको हो। उक्त कार्यक्रम अमृता अस्पताल भारतको सहकार्यमा आयोजना गरिएको हो।

न्युरो ओपिडी क्याम्पमा न्यूरो अस्पतालका वरिष्ठ न्यूरोलोजिष्ट डा. बिरेन्द्रकुमार विष्ट, विशेषज्ञ न्युरोलोजिष्ट डा.सुनन्द पौडेल, वरिष्ठ न्युरो सर्जन डा.रोशन खतिवडा, वरिष्ठ न्यूरो सर्जन डा. सुनिलकुमार दास, बरिष्ठ न्यूरो सर्जन डा. आशिष जंग थापा, त्यसैगरि अमृता अस्पताल, फरिदावाद भारतका वरिष्ठ न्यूरोलोजिष्ट डा. सन्जय पाण्डेलगायतको टिमले धेरै बिरामीहरूलाई न्यूरो सम्बन्धी बिशेष परामर्श गरेका थिए। क्याम्पको मुख्य आकर्षण बोटुलिनम टक्सिन थेरापी थियो, जुन विभिन्न न्यूरोलोजिकल अवस्थाहरू, जस्तै पुरानो माइग्रेन, मांसपेशी गतिविधिसम्बन्धी विकारहरूको उपचारमा प्रयोग गरिन्छ।

निःशुल्क न्यूरो ओपीडी क्याम्पपछि आयोजित साँझको सीएमई कार्यक्रममा विराटनगर र कोशी प्रदेशका विभिन्न स्थानबाट आएका चिकित्सकहरुको उल्लेखनीय सहभागीता रहेको थियो। न्युरो अस्पतालका अध्यक्ष तथा वरिष्ठ न्युरोलोजिष्ट डा.बिरेन्द्रकुमार विष्टले सहभागीहरूलाई धन्यवाद ज्ञापन गरे। उनले स्वास्थ्य सेवाहरूमा सुधार गर्ने महत्वमा जोड दिए।

Invitation for Bids

Dewanganj Rural Municipality Office
Office of the Rural Municipal Executive
Dewangunj Sunsari Koshi Province ,Nepal
Invitation for Bids No: DRM/BUILDING/C/NCB/03/2081-082
Date of publication: 2081/10/15 BS (2025-01-28 AD)

1. ***Dewangunj Rural Municipality office*** invites electronic bids from eligible bidders for the multi-year project of **Construction of Agriculture Market Infrastructure and Continuation** under National Competitive Bidding Single Stage Two Envelope Bidding procedures.
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***[Dewangunj Rural Municipality Office, Dewangunj, Sunsari, Koshi Province] or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp***.
4. *Bidder who submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below .*
   Information to deposit the cost of bidding document in Bank: Bank: NIC ASIA BANK
   Office: ***Dewangunj Rural Municipality Office*** *Bank Account no.:****2432050026455007***
5. Pre-bid meeting shall be held at ***[Dewangunj Rural Municipality Office, Dewangunj, Sunsari, Koshi Province]*** at ***2:00 PM on 21st day*** *of publication of notice.*
6. Electronic bids must be submitted to the office ***[Dewangunj Rural Municipality Office, Dewangunj, Sunsari, Koshi Province]*** through PPMO's e-GP system ***www.bolpatra.gov.np/egp***on or before ***[12:00 PM]*** on ***[2081/11/15].*** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***[2:00 PM on 2081/11/15]*** at the office of ***[Dewangunj Rural Municipality Office, Dewangunj, Sunsari, Koshi Province]***. Bids must be valid for a period of ***[90days]*** after bid opening and must be accompanied by a bid security ***or scanned copy of the bid security in pdf format in case of e-bid,*** amounting to a minimum of **As per PPA & PPR**, which shall be valid for 30 days beyond the validity period of the bid ***(i.e. [Date]).*** **Information to deposit the bid Amount in Bank: NIC Asia Bank Inaruwa Branch . Office: Dewangunj Rural Municipality. Dharauti Khata no: 243CA50021917002**
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
9. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.
10. Bidders must submit the original copies (Hard Copy) of Mandatory Document to Dewangunj Rural Municipality Within the seven days of last date of bid submission. Non submission of the Hard Copy by the Bidders within the specified time shall be considered as non- responsive and may cause forfeiture of bid security.
11. Matters not covered by this notice shall be in accordance with Bid document, PPA and PPR.
12. Eligibility Criteria:
    a) The prospective Bidders should be technically & financially sound registered with Govt. of Nepal as specified in the Bid Documents.
    b) Bidders shall be submitted only required document which are specified as Bid Document .
    c) Other eligibility criteria as specified in the Bid Documents.
    d) Bidding Documents may be submitted by a single company or joint venture as specified

S. N.	Contract no./ID	Description Of Works	Estimated Amount without Vat (Nrs.)	B.Security Amount (Nrs.)	B.D. Fee(Nrs.)	Remarks
1	DRM/BUILDING /C/NCB/03/2081 -082	Construction of Agriculture Market Infrastructure and Continuation		5,01,000	5000	Double Envelope